# Nepalese Youth for Climate Action (NYCA)

Caring for Climate: Caring ourselves

**Secretariat: Clean Energy Nepal**
108 Vinayak Marg
P.O. Box 24581
Kamaladi, Ganeshthan
Kathmandu, Nepal

Tel No. 977-1-6915649
Fax No. 977-1-4257481
Email: nyca.np@gmail.com
Website: www.nyca.com.np


## जलवायु परिवर्तनःराष्ट्रिय युवा सम्मेलन, काठमाण्डौ घोषणापत्र, २०६५

हामी, नेपालका युवा, जलवायु परिवर्तनका कारणले हाम्रा हिमालय सम्पदा, प्राकृतिक पारिस्थितिक पद्दति र जैविक विविधता, मानव स्वास्थ्य र जीवनयापनमा हुने खतराहरुको बारेमा सचेत छौं । हामी हाम्रो समाजलाई जलवायु परिवर्तनबाट हुने चुनौतिहरुसँग अनुकुलन गर्न सहयोग गर्न प्रतिवद्धता जाहेर गर्दछौं । हामी समाजमा जनचेतना जगाई पृथ्विमा पर्ने प्रभावहरु कम गर्न व्यक्तिगत भुमिका निर्वाह गराउन कार्य गर्नेछौं । हामी अन्तर्राष्ट्रिय समुदाय, विशेषतः विकसित राष्ट्रहरुहरुलाई व्यापक मात्रमा हरितगृह ग्याँसको उत्सर्जन घटाउन र बाँच्न पाउने अधिकार माथि न्याय गर्न प्रतिवद्ध हुन माग गर्दछौं । हामी देशभरिका युवा प्रतिनिधी भेला भई जलवायु परिवर्तनसँग सम्वन्धित विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल गरी निम्न बुँदाहरु निष्कर्षका रुपमा निकालेका छौं ।

मौलिक अधिकारहरुको प्रत्याभुति गर्ने जिम्मेवारी राज्यको हो । नेपालको अन्तिरिम संविधान, २०६३ को धारा १६(१) मा उल्लेख भए अनुसार, प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ । राज्यको सम्पूर्ण तहका संयन्त्रमा यो अधिकार प्रत्याभूत, प्रचलन र प्रवर्द्धन गर्नुपर्दछ ।

हामीलाई ज्ञात भए अनुसार नेपाल सरकारले क्युटो प्रोटोकलमा हस्ताक्षर गरी अनुमोदन समेत गरिसकेको हुनाले, हामी हाम्रो सरकार, नागरिक समाज, नेतृत्व वर्ग र सरोकारवालाहरु समक्ष हाम्रो देश र विश्वको लागि जिम्मेवार भई कार्य गर्न अनुरोध गर्दछौं ।

हामी सरोकार पक्षहरुसमक्ष निम्न मागहरुमा ध्यान दिई जलवायु परिवर्तनको मुद्दालाई प्राथमिकता दिन र हाम्रो साझा भविष्यका लागि तत्काल नीति बनाउन तथा आवश्यकता अनुसार परिमार्जन गर्न माग गर्दछौं ।

- बृहतमात्रामा पुनः नविकरणीय उर्जा उत्पादनमा लगानी गरिनुपर्दछ, देशभरि नै वातावरण मैत्री सार्वजनिक यातायात प्रणालीको विकास गरिनुपर्दछ । प्रत्येक घरहरुमा उर्जा बचतको लागि प्रविधि लागु गरिनुपर्दछ र सम्पूर्ण उद्योगहरुलाई कम कार्वन उत्सर्जन गरेको नगरेको सुनिश्चित गर्न नियमन गरिनुपर्दछ । नेपाली समाजलाई कम कार्वन उत्सर्जन समाज (low carbon society)मा परिवर्तन गरिनुपर्दछ ।

- जलवायु परिवर्तनको कारण हुने नकारात्मक प्रभावहरुको जोखिममा पर्ने समुदाय र प्रजातीहरुको पहिचान गरी अनुकुलन हुन र बाँच्न आवश्यक वातावरण बनाउने गरी कार्यनीति बनाइनु पर्दछ ।

- राष्ट्रिय र अन्तर्राष्ट्रिय हितका लागि प्राकृतिक स्रोतहरु संरक्षण गरिनुपर्दछ र सामाजिक, आर्थिक, र वातावरणीय दिगोपनाको सुनिश्चितता गरिनुपर्दछ ।

# Nepalese Youth for Climate Action (NYCA)

**Secretariat: Clean Energy Nepal**

108 Vinayak Marg
P.O. Box 24581
Kamaladi, Ganeshthan
Kathmandu, Nepal

Tel No. 977-1-6915649
Fax No. 977-1-4257481
Email: nyca.np@gmail.com
Website: www.nyca.com.np


- विद्यालयको सम्पूर्ण तहहरुमा वातावरण शिक्षाको पाठ्यक्रममा अद्यावधिक र स्तरीकरण गरिनुपर्दछ ।
- जलवायु परिवर्तन नीति ल्याइनु पर्दछ र सम्पूर्ण सरकारी निकायहरुबीच सहकार्य, समन्वय र एकरुपता हुने गरी यसको कार्यान्वयन गरिनुपर्दछ ।
- नेपाली युवाहरुलाई जलवायु परिवर्तनको अनुकुलन र प्रभाव न्युनिकरण उपायहरुका लागि सशक्त बनाइनुपर्दछ र यसका समाधानहरुमा युवा सहभागितालाई प्रोत्साहन गरिनुपर्दछ ।
- जलवायु परिवर्तन सम्बन्धि राष्ट्रिय योजना र नीति निर्माण प्रकृया र अन्तर्राष्ट्रिय तहमा गरिने छलफल, वार्ता, सन्धि, सम्झौताहरुमा युवालाई समावेश गरिनुपर्दछ ।
- व्यापक मात्रामा समस्याहरुको समाधानका लागि स्थानिय देखि अन्तर्राष्ट्रिय तहका विभिन्न संघ संस्थाहरु र सरोकार समुहहरुका बीचमा छलफल गर्न र संजाल बनाउन सहजिकरण गरिनुपर्दछ ।
- जलवायु परिवर्तन सम्वन्धि विभिन्न स्रोतहरु- सरकार, अन्तर्राष्ट्रिय संस्थाहरु, समाचारपत्र, ई-बुलेटिन, प्रकाशनहरु, अनुसन्धान प्रतिवेदन आदि समेटिने गरी सूचना उपलव्ध गराउने राष्ट्रिय सूचना केन्द्र स्थापना गरिनुपर्दछ ।

हामी र हाम्रा भावी पिढीको भविष्यका लागि, यी माथिका बुँदाहरुको तत्काल कार्यान्वयन गर्न नेपाल सरकार, नागरिक समाज, र बृहत विश्व समुदायसँग सहकार्य गर्ने हामी आशा गर्दछौं ।